# स्नातक तह उत्तिर्ण छात्राहरुका लागि छात्रवृत्ति सम्बन्धी कार्यविधि,२०७८

<u>गाउँपालिकाको आठौं गाँउ सभाबाट पारित मिति २०७८।०३।०४</u>

**प्रस्तावना:**

"छोरी जन्माउ छोरी पढाँउ" अभियानलाई सार्थक बनाउन मर्चवारी गाउँपालिका भित्र स्थायी बसोबास गर्ने
स्नातक तह उत्तिर्ण छात्राहरुलाई स्नातकोत्तर तह अध्ययनका लागि छात्रवृत्ति वितरण गर्न
आ.ब.२०७७।०७८ देखि वार्षिक नीति,कार्यक्रम तथा बजेट मार्फत छात्रवृत्ति को लागि बजेट विनियोजन
गरि लागु गर्ने र छात्रवृत्ति वितरण प्रकृयामा एकरुपता कायम गरी जेहेन्दार,विपन्न,अपाङ्ग ,अविवाहित स्नातक
तह उत्तिर्ण ,दलित,मधेशी ,जनजातति छात्राहरुलाई छात्रवृत्ति प्रोत्साहन रकमलाई व्यवस्थित ,पारदर्शी र
लक्षित वर्गले प्राप्त गर्ने व्यवस्था मिलाउन आवश्यक देखिएकोले मर्चवारी गाउँपालिकाको आठौं गाँउ सभाले
यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद-१

## (प्रारम्भिक)

**१.संक्षिप्त नाम र प्रारम्भ**

१. यो कार्यविधिको नाम स्नातक तह उत्तिर्ण छात्राहरुका लागि छात्रवृत्ति सम्बन्धी कार्यविधि,२०७७ रहेको छ।

२. यो कार्यविधि मर्चवारी गाउँपालिका,गाउँ सभाबाट पारित भएको मितिदेखि लागु हुन्छ।

३. यो कार्यविधि मर्चवारी गाउँपालिका भित्र स्थायी बसोबास गर्ने स्नातक तह उत्तिर्ण अविवाहित छात्राहरुको हकमा लागु हुनेछ।

## परिच्छेद-२

## (परिभाषा)

२.परिभाषा:विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "गाउँपालिका" भन्नाले मर्चवारी गाउँपालिकालाई जनाउँछ।

(ख)"गाउँ सभा "भन्नाले मर्चवारी गाउँपालिकाको गाउँ सभालाई जनाउँछ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(ख) "गाउँ कार्यपालिका" भन्नाले मर्चवारी गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउँछ।

(ग)"अध्यक्ष" भन्नाले मर्चवारी गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।

(घ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मर्चवारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(ङ) "सामाजिक विकास समिति संयोजक" भन्नाले मर्चवारी गाउँपालिकाको सामाजिक विकास समिति संयोजकलाई जनाउँछ।

(च)."वडाध्यक्ष" भन्नाले मर्चवारी गाउँपालिका भित्र रहेका वडाका वडाध्यक्षलाई जनाउँछ।

(छ)."लेखा प्रमुख" भन्नाले मर्चवारी गाउँपालिकाको लेखा शाखाको प्रमुखलाई जनाउँछ।

(ज) "शिक्षा प्रमुख" भन्नाले मर्चवारी गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाको प्रमुखलाई जनाउँछ।

(झ) "स्नातक तह उत्तिर्ण " भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट वि.ए.,वि.एड वा सो सरहको तह उत्तिर्णलाई जनाउँछ।

(ञ).'मूल्याङ्कन तथा छनोट समिति" भन्नाले गाउँपालिकास्तरीय शैक्षिक योग्यता प्रमाणपत्र छानविन,मूल्याङकन तथा छात्रवृत्तिका लागि छनोट समितिलाई जनाउँछ।

(ट) "विश्वविद्यालय वा क्याम्पस" भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त स्नातक तह सञ्चालित विश्वविद्यालय वा विश्वविद्यालयबाट सम्बन्धनप्राप्त क्याम्पसलाई जनाउँछ।

## परिच्छेद-३

### (कार्यविधिको उद्देश्य सम्बन्धी व्यवस्था)

३.उद्देश्यः यस कार्यविधिका उद्देश्यहरु निम्नलिखित रहेका छन्-

१. छात्रवृत्ति वितरणका लागि स्पष्ट आधारहरु तोकि छात्रवृत्ति वितरणलाई पारदर्शी र व्यवस्थित बनाउनु,

२. लक्षित छात्राहरुले छात्रवृत्ति वापतको रकम पाउने अवस्था सुनिश्चित गर्नु,

३.छात्रवृत्तिका लागि छात्रा छनोट र वितरण गर्ने निकायको भूमिका स्पष्ट पार्नु,

## परिच्छेद-४

### (मूल्याङ्कन तथा छनोट समिति,समितिका काम,कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था)

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...

... अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

४.मूल्याङ्कन तथा छनोट समिति सम्बन्धी व्यवस्थाः

१. मर्चबारी गाउँपालिका भित्र स्थायी बसोबास गर्ने नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा क्याम्पसबाट स्नातक तह उत्तिर्ण गरेका जेहेन्दार,गरिब,मधेशी ,मुस्लिम,दलित ,जनजाति अविवाहित छात्राहरुलाई स्नातकोत्तर तह अध्ययनका लागि गाउँपालिबाट प्रदान गरिने छात्रवृत्तिका लागि योग्य छात्रा छनोट गर्न मर्चबारी गाउँपालिकामा देहायका सदस्यहरु रहेको एक मूल्याङ्कन तथा छनोट समिति रहनेछः-

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष - | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत- | सदस्य |
| (ख) सामाजिक विकास समितिको संयोजक- | सदस्य |
| (ग) लेखा शाखा प्रमुख - | सदस्य |
| (घ) शिक्षा शाखा प्रमुख - | सदस्य-सचिव |

२.मूल्याङ्कन तथा छनोट समितिको काम,कर्तव्य र अधिकारः

(क)गाउँपालिकाको वार्षिक नीति,कार्यक्रम तथा बजेटमा उल्लेख भएको र बजेट विनियोजन गरिएको छात्रवृत्ति कार्यक्रममा गाउँपालिका भित्र स्थायी बसोबास गर्ने स्नातक तह उत्तिर्ण अविवाहित छात्राहरुलाई आवश्यक आधार र प्रमाण सहित छात्रवृत्तिका लागि निवेदन पेश गर्न सूचना गर्ने,

(ख) गाउँपालिकाबाट वितरण गर्ने छात्रा छात्रवृत्ति लक्षितले पाए नपाएको अनुगमन गर्ने,

(ग) छात्रवृत्तिका लागि निवेदन दिएका छात्राहरुको शैक्षिक प्रमाणपत्र छानविन गर्ने,

(घ) छात्रवृत्ति प्राप्त गर्न सक्ने आधारहरु प्रमाणित भएमा छात्रवृत्ति रकमका लागि सम्वन्धित छात्राहरुलाई छनोट गर्ने,

३. मूल्याङ्कन तथा छनोट समितिको बैठक सम्बन्धि व्यवस्थाः

(क) समितिको बैटक आवश्यकता अनुसार बस्नेछ।

(ख)बैटक सञ्चालन सम्बन्धि कार्यविधि समिति आफैले तयार गरे बमोजिम हुनेछ।

गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

परिच्छेद-५

(छात्रवृत्तिका लागि छनोटका आधारहरु तथा छात्रवृत्ति वापतको रकम उपलब्ध गराउने सम्बन्धी व्यवस्था)

५.छात्रवृत्तिका लागि छात्रा छनोटका आधारहरु:-छात्रवृत्ति रकम वितरणका लागि छात्रा छनोटका आधारहरु देहायबमोजिम हुनेछन्-

(क) मर्चवारी गाउँपालिका भित्र स्थायी बसोबास भएको,

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा क्याम्पसबाट स्नातक तह उत्तिर्ण भएको हुनुपर्ने,

(ग) जुन आ.व.मा स्नातक तह उत्तिर्ण भएको हो सोही आ.व.भित्रनै छात्रवृत्तिका लागि निवेदन पेश गर्न पाईने,

(घ)एक आ.व.मा स्नातक तह उत्तिर्ण भएको छात्राले अरु आ.व.मा निवेदन दिएमा छात्रवृत्ति वापतको रकम नपाइने,

(ङ) स्नातक तह उत्तिर्ण छात्राले आफुले हासिल गरेका सबै प्रमाणपत्र(एस.एल.सी.देखि स्नातक तहसम्मका शैक्षिक प्रमाणपत्र,नेपाली नागरिकताको प्रमाणपत्र) पेश गर्नुपर्ने,

६. छात्रवृत्ति वापतको रकम उपलब्ध गराइने: मर्चवारी गाउँपालिकाबाट प्रत्येक आ.व.को सुरुमा निति,कार्यक्रम तथा बजेटमा छात्रवृत्तिका लागि रकम विनियोजन गरेमा र दफा ५ बमोजिमको छात्रवृत्ति पाउन सक्ने आधारहरु स्पष्ट भइ दफा ४ को उपदफा(१) बमोजिमको मूल्याङ्कन तथा छनोट समितिले छात्रवृत्तिका लागि छनोट गरेमा छनोट भएका छात्राहरुले गाउँ सभाबाट निर्णय भइ तोकिए बमोजिमको(नियमानुसार करकट्टि गरि बाँकी रकम) छात्रवृत्ति वापतको रकम सम्बन्धित छात्राहरुलाई उपलब्ध गराइनेछ।

परिच्छेद-६

(कार्यविधि लागु तथा कार्यविधि व्याख्या सम्बन्धि व्यवस्था)

७.कार्यविधि लागु हुने:

१. मर्चवारी गाउँपालिका,गाउँ सभाबाट पारित भएको मितिदेखि यो कार्यविधि लागु हुनेछ।

२. उपदफा १ मा जुनसुकै कुरा लेखिएतापनि कार्यविधि लागु हुने आ.व.मा एकपटकका लागि अन्य आ.व.मा स्नातक तह उत्तिर्ण गरेका र निवेदव प्राप्त मर्चवारी गाउँपालिका भित्र स्थायी बसोवास गर्ने अवीवाहित छोरीलाई पनि आ.व.२०७७।०७८ को छात्रवृत्ति रकम उपलब्ध गराइनेछ।

केशव चन्द्र बहिरा
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामपुर रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७४

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

८. कार्यविधिको व्याख्या गर्न सकिनेः कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरुले काम कारवाहीमा अस्पष्टता सिर्जना गरेमा कार्यविधिको मर्ममा प्रतिकुल असर नहुने गरी आवश्यक व्याख्या गर्ने अधिकार गाउँ सभालाई हुनेछ।

परिच्छेद-७

(विविध)

९.संशोधन गर्न सकिनेः गाउँ सभाले आवश्यकतानुसार यस कार्यविधिमा हेरफेर तथा संशोधन गर्न सक्नेछ।

१०.कार्यविधि अनुसार हुनेः यस कार्यविधिमा लेखिएका विषयहरु यसै कार्यविधि अनुसार हुने छन् र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ।

११.बाझिएमा अमान्य हुनेः यस कार्यविधि प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि-१

## छात्रवृत्तिका लागि आवेदन दिने ढाँचा

१. छात्राको नाम

२. स्थायी ठेगाना: (क) प्रदेशको नाम: (ख) जिल्लोको नाम:

(ग) स्थानीय तहको नाम: (घ)वडा नं.

(गाउँ/टोलको नाम: .

३.अभिभावकको नाम थर:

(क)बाबुको नाम थर: (ख) पेशा:

(ग)आमाको नाम थर: (घ) पेशा:

४. छात्रा वा निजको अभिभावकको मोवाइल नम्वर:

५.स्नातक तह उत्तिर्ण गरेको वर्ष:

५.स्नातक तह उत्तिर्ण गरेको विश्वविद्यालय/क्याम्पसको नाम:

६.स्नातक तहमा उत्तिर्ण गरी प्राप्त गरेको प्रतिशत/जि.पि.ए:

७.एकाघर सगोलमा रहेको परियारको कुनै सदस्यको पेशा,व्यवसाय वा नोकरी भए/नभएको:

८.आफु कुन कुन समूहमा पर्ने हो रेजा चिन्ह (√) लगाउनुहोस।

(क) अविवाहित छात्रा (ख) विवाहित छात्रा (ग) विपन्नता

(घ)दलित (ङ)जनजाति (च)अपाङ्गता

(छ)मधेशी (ज) मुस्लिम

९. आवेदनकर्ताको परिवारको अनुमानित वार्षिक आम्दानि:

माथि उल्लेखित व्यहोरा ठिक साँचो छन् फरक परे कानुन बमोजिम सहुँला बुझाउला।

आवेदक/छात्राको दस्तखत: मिति:

इति वि.स..........महिना..........गते..........रोज....................शुभम।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

अनुसूचि-२

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुको विवरण

१.स्नातक तह उत्तिर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी,

२.नेपाली नागरिकताको प्रतिलिपी,

३.छात्रा स्थायी रुपमा बसोवास गर्दै आएको सम्बन्धीत वडा कार्यालयको सिफारिस (अविवाहित र स्थायी बसोवास भएको उल्लेख सहितको)पत्र।

४.एस.एल.सि/एस.इ.इ.देखि स्नातक तह उत्तिर्ण सम्मका शैक्षिक प्रमाणपत्रका प्रतिलिपीहरु।

५.जनजाति,दलित,मधेशी तथा मुस्लिमको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रतिलिपी।

६.बिपन्नता वा गरिवीको हकमा गरिवी परिचय पत्रको प्रतिलिपी ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner